# जिल्ला विकास समिति नवलपरासी

## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन २०७१।७२

[Type the document subtitle]

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

जिल्ला विकास समिति नवलपरासीले आफ्ना नियमित रुपमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरु विभिन्न समयमा योजना वद्द रुपमा गर्दै आएको छ । यसै सन्दर्भमा आफ्ना कामकारवाहीलाई सेवाग्राही समक्ष लैजाने र सेवाग्राहीको रचनात्मक सुझाव लिने उद्देश्यले यस्ता खालका सार्वजनिक सुनुवाई कार्यक्रम गर्दै आएको छ । आ.व. ०७२।७३ मा यस कार्यालयले प्रत्यक चौमासिक अवधिमा पर्ने गरी ३ वटा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेको थियो । उक्त कार्यक्रमको सन्दर्भमा भएको सँक्षिप्त विवरणलाई यस प्रकार उल्लेख गरिएको छ ।

मिति ०७१।७।२४ मा स्थानीय विकास अधिकारी श्री लालकृष्ण पौडेलज्यूको अध्यक्षतामा लोटस रिसोट सुनवलको हलमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा राजनैतिक दल, पत्रकार , विषयगत कार्यालयका प्रमुख एवँ प्रतिनीधि, गाविस सचिव, सँघ सँस्थाका प्रतिनिधि, उपभोक्ता समिति र सेवाग्राही महानुभावहरु समेत गरी जम्मा ८३ जनाको उपस्थिती रहेको थियो । कार्यक्रममा जिल्ला विकास समितिका योजना अनुगमन तथा प्रशासकिय अधिकृत श्री प्रकाश पन्थीले जिल्ला विकास समितिले गरेको कामकारवाहरुको विषयमा प्रकाश पार्नुभएको थियो भने कार्यक्रममा उपस्थित मध्ये ५ जना प्रतिनिधिले जिल्ला विकास समितिले गरेको कामकारवाही प्रति प्रतिक्रिया, सुझाव तथा प्रश्न राख्नुभएको थियो । प्रश्नकर्ताहरुवाट भएको जिज्ञासा उपर कार्यक्रमको अन्त्यमा स्थानीय विकास अधिकारी श्री लाल कृष्ण शर्मा पौडेलज्यूवाट सम्वोधन गरी कार्यक्रमको समापन गरिएको थियो ।

मिति ०७१।११।३० मा स्थानीय विकास अधिकारी श्री लालकृष्ण पौडेलज्यूको अध्यक्षतामा धौवादी गाविसको खुला स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा राजनैतिक दल, पत्रकार , विषयगत कार्यालयका प्रमुख एवँ प्रतिनीधि, गाविस सचिव, सँघ सँस्थाका प्रतिनिधि, उपभोक्ता समिति र सेवाग्राही महानुभावहरु समेत गरी जम्मा ५२ जनाको उपस्थिती रहेको थियो । कार्यक्रममा जिल्ला विकास समितिका कार्यक्रम अधिकृत श्री पुष्कर काफ्लेले जिल्ला विकास समितिले गरेको कामकारवाहरुको विषयमा प्रकाश पार्नुभएको थियो भने कार्यक्रममा उपस्थित मध्ये ५ जना प्रतिनिधिले जिल्ला विकास समितिले गरेको कामकारवाही प्रति प्रतिक्रिया, सुझाव तथा प्रश्न राख्नुभएको थियो । प्रश्नकर्ताहरुवाट भएको जिज्ञासा उपर कार्यक्रमको अन्त्यमा स्थानीय विकास अधिकारी श्री लाल कृष्ण शर्मा पौडेलज्यूवाट सम्वोधन गरी कार्यक्रमको समापन गरिएको थियो ।

मिति ०७२।३।२८ मा स्थानीय विकास अधिकारी श्री लालकृष्ण पौडेलज्यूको अध्यक्षतामा कावासोती नगरपालिका स्थित कावासोती खानेपानी तथा सरसफाई समितिको हलमा  सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा राजनैतिक दल, पत्रकार , विषयगत कार्यालयका प्रमुख एवँ प्रतिनीधि, गाविस सचिव, सँघ सँस्थाका प्रतिनिधि, उपभोक्ता समिति र सेवाग्राही महानुभावहरु समेत गरी जम्मा ४८ जनाको उपस्थिती रहेको थियो । कार्यक्रममा जिल्ला विकास समितिका  प्रमुख जिल्ला इन्जिनियर श्री कृष्ण लाल पिया ले जिल्ला विकास समितिले गरेको कामकारवाहरुको विषयमा प्रकाश पार्नुभएको थियो भने कार्यक्रममा उपस्थित मध्ये ६ जना प्रतिनिधिले जिल्ला विकास समितिले गरेको कामकारवाही प्रति प्रतिक्रिया, सुझाव तथा प्रश्न राख्नुभएको थियो । प्रश्नकर्ताहरुवाट भएको जिज्ञासा उपर कार्यक्रमको अन्त्यमा प्रमुख जिल्ला इन्जिनियर तथा स्थानीय विकास अधिकारी श्री लाल कृष्ण शर्मा पौडेलज्यूवाट सम्वोधन गरी कार्यक्रमको समापन गरिएको थियो ।